## १ प्रस्तावना

शे–फोक्सुण्डो गाउँपालिका अन्तरर्गत रहेका उत्कृष्ट सामुदायिक विद्यालय, प्रधानाध्यापक तथा शिक्षक छनौट, सम्मान तथा पुरस्कार कार्यक्रमलाइ प्रभावकारी र विश्वसनिय रुपमा कार्यन्वयन गर्नका लागी शे–फोक्सुण्डो गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ ।

## २ संक्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम उत्कृष्ट सामुदायिक विद्यालय प्रधानाध्यापक तथा शिक्षक छनौट निर्देशिका, २०८२ रहेको छ ।

ख) यो निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भय पश्चात तुरुन्त लागु हुने छ ।

## ३. परिभाषाः विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) “छनौट समिति” भन्नाले दफा ६ बमोजिम गठित उत्कृष्ट सामुदायिक विद्यालय, प्रधानाध्यापक तथा शिक्षक छनौट समितिलाइ सम्झनु पर्छ ।

ख) गाउँ शिक्षा समिति”भन्नाले शे फोक्सुण्डो गाउपालिका स्तरिय गठन भयको गाउँ शिक्षा समितिलाइ सम्झनु पर्छ ।

ग) “शिक्षा युवा तथा खेलकुद शाखा” भन्नाले शे–फोक्सुण्डो गाउँपालिका अन्तरगत शिक्षा युवा तथा खेलकुद शाखालाइ सम्झनु पर्छ ।

घ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान प्राप्त गर्ने गरी स्वीकृत वा अनुमति प्राप्त विद्यालय लाइ सम्झनु पर्छ ।

ङ) “प्रधानाध्यापक” भन्नाले विद्यालयमा प्रशासनिक र प्राबिधिक कार्य गर्न खटाइयको शिक्षकलाइ सम्झनु पर्छ ।

च) “शिक्षक भन्नाले” सामुदायिक विद्यालयमा अध्यापकलाई सम्झनु पर्छ ।

छ) “आधारभुत विद्यालय”भन्नाले प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ८ सम्म सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्छ । सो शब्दले (बालबिकास देखी कक्षा ३, बालबिकास देखी कक्षा ५, बालबिकास देखी कक्षा ८, कक्षा १–३, कक्षा १–५,कक्षा १–८ कक्षा ६–८ लाइ समेत जनाउछ ।

च) “माध्यामिक विद्यालय” भन्नाले बालबिकास कक्षा देखि कक्षा १२ सम्म सञ्चालनमा रहेका विद्यालय सम्झनु पर्छ । सो शब्दले बालबिकास देखि कक्षा १०, बालबिकास देखि कक्षा

१२, कक्षा १–१२, कक्षा १–१०, कक्षा ६–१०, कक्षा ६–१२, कक्षा ९–१०, कक्षा ९–१२ लाई समेत जनाउछ ।

**४) उदेश्यः यस निर्देशिका को उदेश्य निम्न रहेका छन्**

क) उत्कृष्ट विद्यालय, प्रधानाध्यापक तथा शिक्षक छनौटका आधार र मापदण्ड निर्धारण गरी पारदर्शी र प्रभाबकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) तोकिएको आधार र मापदण्ड बमोजिम उत्कृष्ट विद्यालय, प्र.अ., शिक्षक तथा बिध्यार्थी छनौट गरी  पुरस्कृत गर्न सहयोग पुऱ्याउनु ।

ग) उत्कृष्ट छनौट हुने विद्यालय प्र.अ. तथा शिक्षकलाइ प्रदान गरिने रकमलाइ शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न निर्देशन गर्न ।

**५) निर्देशक समितिः**

उत्कृष्ट विद्यालय प्रधानाध्यापक तथा शिक्षक छनौट कार्यक्रममा कुनै बाधा ब्यबधान आई परेको खण्डमा नितिगत निर्णय गर्ने तथा कार्यक्रम सञ्चालनका लागि समितिलाइ आवश्यक निर्देशन दिनका लागि देहायबमोजिम एउटा निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको  अध्यक्ष | संयोजक |
| ख) गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |
| ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

**६) छनौट समिति**

गाउँपालिकाका उत्कृष्ट विद्यालय, प्रधानाध्यापक तथा शिक्षक छनौटका लागि देहाय बमोजिम एक छनौट समिति रहनेछ । उत्कृष्ट विद्यालय, प्रधानाध्यापक तथा शिक्षक छनौट समितिले बैठक कार्यविधि आफै तयार गर्न सक्नेछ ।

क) गाउँ शिक्षा समिति संयोजक संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

ग) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

**७) छनौट समितिको भुमिकाः**

दफा ६ बमोजिम गठित समितिको कार्यबिबरण देहायबमोजिम हुनेछ ।

क) उत्कृष्ट शिक्षक छनौटका लागि सुचना प्रकासन गर्ने,

ख) वडा तथा बिद्यालय बाट प्राप्त सिफारिस हरुको दफा ८ को आधारमा उत्कृष्ट विद्यालय,प्र.अ तथा शिक्षक मुल्याङ्कन गर्ने,

ग) उत्कृष्ट विद्यालय तथा शिक्षकलाइ प्रदान गरिने पुरस्कार रकम निर्धारण गर्ने,

घ) छनौट भयका उत्कृष्ट विद्यालय प्र.अ. तथा शिक्षकको सुचि अभिलेखिकरण गर्ने ।

**८) शिक्षा युवा तथा खेलकुद शाखाको भुमिका**

उत्कृष्ट सामुदायिक विद्यालय, प्रधानाध्यापक तथा शिक्षक छनौट गर्ने तथा छानियका विद्यालय प्रधानाध्यापक तथा शिक्षकलाई प्रदान गरिने पुरस्कार रकमको कार्यान्वयनका सर्न्दभमा शिक्षा युवा तथा खेलकुद शाखाको भुमिका निम्न अनुसार हुनेछ

क) सम्बन्धित वडा तथा बिद्यालयलाई उत्कृष्ट विद्यालय प्र.अ तथा शिक्षक सिफारिस गर्न प्रत्राचार गर्ने,

ख) विद्यालय लाई अनुसुचि १ बमोजिमको फारम भर्न लगाई सङ्कलन गर्न,

ग) प्रधानाध्यापक लाई अनुसुचि २ बमोजिमको फारम भर्न लगाइ सङ्कलन गर्न,

घ) शिक्षकलाई अनुसुचि ३ बमोजिमको फारम भर्न लगाइ सङ्कलन गर्न,

ङ) विद्यालय बाट प्राप्त अनुसुची फारम लाइ छनौट समिति सामू प्रस्तुत गर्ने

च) विद्यालयमा हुनु पर्ने न्युनतम सामाग्रीहरुको न्युनतम मापदण्ड कार्यान्वयनमा ल्याउनु

**८) उत्कृष्ट विद्यालय, प्रधानाध्यापक तथा शिक्षक छनौटका आधार तथा मापदण्डहरु देहायबमोजिम हुनेछन्ः**

क) उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु देहाय बमोजिम हुनेछन्

| **क.स.** | **आधार** | **मापदण्ड** | **अङ्कभार** | **कैफियत** |
|---|---|---|---|---|
| १ | बिध्यार्थी संख्या जम्मा १० अङ्क (अधारभुत तह कक्षा १–३ | २० जना सम्म | ५ | |
| | | ४० जना सम्म | ७ | |
| | | ४० जना माथी | १० | |
| | कक्षा १–५ | ३० जना सम्म | ५ | |
| | | ५० जना सम्म | ७ | |
| | | ५० जना भन्दा माथी | १० | |
| | कक्षा १–८ | ५० सम्म | ५ | |
| | | ८० सम्म | ७ | |
| | | ८० भन्दा माथि | १० | |
| | माध्यमिक तह कक्षा १–१० | १०० सम्म | ५ | |
| | | १५० सम्म | ७ | |
| | | १५० माथी | १० | |
| २ | सिकाइ उपलब्धी २० अङ्क | औषत २ सम्म | १० | |
| | | औषत ३ सम्म | १५ | |
| | | औषत ३ भन्दा माथि | २० | |
| ३ | समुदायको लगानी ५ अङ्क | ५ प्रतिसत सम्म लगानी | ३ | |

| | | | | |
|---|---|---|---|---|
| | | १० प्रतिसत सम्म | ४ | |
| | | १० प्रतिसत भन्दा माथी | ५ | |
| ४ | विद्यालयले गरेको प्रवर्धात्मक कार्यहरु शिक्षण सिकाई संग सम्बन्धित ५ अङ्क | सुचना प्रबिधिको प्रयोग मार्फत शिक्षण सिकाई क्रियाकलाप,कार्यमुलक अनुसन्धान, अनलाईनमा आधारित सुचना प्रसारण प्रणाली आदी | | उल्लेखित कार्य गरेको भए प्रमाण पेस गरेमा मात्र अङ्क पाउने |
| ५ | बालमैत्री सिकाइ बातावरण २० अङ्क | बालकलब गठन,तालिका बनाई अतिरीक्त क्रियाकलप सञ्चालन,बालबालिकाको अध्यक्षता बैठक बसि निर्णय अन्य प्रक्रिया अबलम्बन गरेको भए जनाउने | | उल्लेखित कार्य गरेको भए प्रमाण पेस गरेमा मात्र अङ्क पाउने |
| ६ | शैक्षिक गुणस्तरमा बि.व्य.स.र शिक्षकको सम्बन्ध र भुमिका १५ अङ्क | बिद्यालय अनुगमन गरी निरिक्षण पुस्तिकामा जनाएको, शिक्षा निएमावली अनुसार बैठक बसेको भए,गुणस्तर बृद्दीमा पहल | | उल्लेखित कार्य गरेको भए प्रमाण पेस गरेमा मात्र अङ्क पाउने |
| ७ | शिक्षक अभिभाबक संघको भुमिका १० अङ्क | बिद्यालय अनुगमन गरी निरिक्षण पुस्तिकामा जनाएको, शिक्षा | | उल्लेखित कार्य गरेको भए प्रमाण |

| | | | | |
|---|---|---|---|---|
| | | निएमावली अनुसार बैठक बसेको भए,गुणस्तर बृद्दीमा पहल | | पेस गरेमा मात्र अङ्क पाउने |
| ८ | विद्यालयमा गुनासो सुनाइको ब्यबस्था ५ अङ्क | भए | ५ | |
| ९ | विद्यालयमा सुचना पार्टीको ब्यबस्था ५ अङ्क | भए | ५ | |
| १० | अपाङ्ग मैत्री भौतिक संरचना ५ अङ्क | भए | ५ | |
| | | | | |

ख) उत्कृष्ट प्रधानाध्यापक छनौटका आधार तथा मापदण्डहरु देहायबमोजिम हुनेछन्

| क.स. | आधार | मापदण्ड | अङ्कभार | कैफियत |
|---|---|---|---|---|
| १ | प्र.अ. अनुभव १५ अङ्क | ३ वर्ष सम्म | ८ | |
| | | ५ वर्ष सम्म | १२ | |
| | | ५ वर्ष भन्दा बढी | १५ | |
| २ | विद्यालयको समग्र बिध्यार्थी औषत सिकाई उपलब्धि २० अङ्क | २ सम्म | १० | |
| | | ३ सम्म | १५ | |
| | | ३ देखि माथी | २० | |
| ३ | विद्यालय सुशासन १५ अङ्क | आर्थिक कार्यबिधी अनुसार खर्च प्रक्रिया, शिक्षा नियमावली अनुसार स्टाप बैठक कार्यतालिका निमार्ण र प्रयोग,बालकलब गठन र सक्रियता,समयमा | | उल्लेखित कार्य गरेको भए प्रमाण पेस गरेमा मात्र अङ्क पाउने |

| | | | | |
|---|---|---|---|---|
| | | समाजिक परिक्षण<br>एस.आई.पी.निमार्ण | | |
| ४ | सुचना प्रबिधिको प्रयोग मार्फत समयमा सुचना संप्रेसण १० अङ्क | सुचना अधिकारी तोकी बिद्यालयको सुचना प्रणाली ब्यबस्थित गरेको, आवश्यक सुचना अनलाईन मार्फत प्रसारण गर्ने गरेको | १० | उल्लेखित कार्य गरेको भए प्रमाण पेस गरेमा मात्र अङ्क पाउने |
| ५ | शैक्षिक योजना निर्माण ५ अङ्क | गरेको,अद्यावधिक गरेको | ५ | |
| | | नगरेको भए | ० | |
| ६ | शैक्षिक योग्यता १० अङ्क | आवश्यक न्युनतम योग्यता | ५ | |
| | | माथिल्लो योग्यता | ५ | |
| ७ | नेत्तृव बिकास सम्बन्धि तालिम १० अङ्क | ५ दिन सम्मको | ५ | तालिम लिएको भए प्रमाण पेश गर्नुपर्ने |
| | | ५ दिन भन्दा बढी | १० | |
| ८ | विद्यालय बिकास प्रस्ताब १० अङ्क | पेस गरेको भए | १० | |
| | | पेस नगरेको भए | ५ | |
| ९ | विद्यालय सेवा क्षेत्र भित्र सबै बालबालिका विद्यालयमा भर्ना भएको अबस्था ५ अङ्क | सबै बालबालिका विद्यालयमा भर्ना भएका | ५ | |
| | | ९० % भन्दा बढी | ४ | |
| | | ८०% भन्दा बढी | ३ | |
| | | | | |

ग) उत्कृष्ट शिक्षक छनौट आधार तथा मापदण्डहरु देहाय बमोजिम हुनेछन्

| क.स | आधार | मापदण्ड | अङ्कभार | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक योग्यता २० अङ्क | न्युनतम योग्यता | १५ | |
| | | माथिल्लो योग्यता | २० | |
| २ | शिक्षण अनुभव २० अङ्क | ५ वर्ष सम्म | १० | |
| | | १० वर्ष सम्म | १५ | |
| | | १० वर्ष भन्दा माथी | २० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | तालिम १० अङ्क | टी.पी.डी तालिम प्रथम चरण मात्र पुरा | ५ | तालिम लिएको भए प्रमाण पेश गर्नुपर्ने |
| | | टी.पी.डी तालिम दुबै चरण पुरा गरेको भए | १० | |
| ४ | अध्यापन गरेको विषयमा बिध्यार्थीले प्राप्त गरेको औषत उपलब्धि  जि.पि.ए. मा २५ अङ्क | २ सम्म | १५ | |
| | | ३ सम्म | २० | |
| | | ३ देखि माथि | २५ | |
| ५ | बिशेष जिम्मेवारी ५ अङ्क | लियको भए | ५ | शिक्षा निएमावलीमा उल्लेख भएवमोजिम |
| ६ | शिक्षण शिकाइमा सुचना तथा प्रबिधिको प्रयोग ५ अङ्क | गरेको भए | ५ | शिक्षकको लागी प्र.अ को सिफारिस पत्र पेश गर्ने |
| ७ | कक्षा कोठा ब्यबस्थापन ५ अङ्क | बिषय बस्तु अनुसार बसाई,प्रकास, अपाङ्गता | ५ | शिक्षकको लागी प्र.अ को सिफारिस पत्र पेश गर्ने |
| ८ | पाठ योजना निर्माण गरि शिक्षण गर्ने गरेको ५ अङ्क | लिखित तयार | ५ | शिक्षकको लागी प्र.अ को सिफारिस पत्र पेश गर्ने |
| ९ | शिक्षण सिकाइ कार्य संग सम्बन्धित कार्य अनुसन्धान ५ अङ्क | वार्षिक ३ वटा सम्म गरेको भए | ५ | आवश्यक कागजपत्र पेश गरेमा |
| | | बार्षिक २ वटा सम्म गरेको भए | ४ | |
| | | बार्षिक एक वटा सम्म गरेको भए | ३ | |
| | | नगरेको भए | ० | |
| | | न्युन | ३ | |

९)कार्यक्रममा खर्च हुने रकमः  गाउँकार्यपालिकाको निर्णय अनुसार तथा कार्ययोजनाको अधारमा प्रचलित आर्थीक कार्यबिधि तथा नियमानुसार मात्र खर्च गर्नु पर्नेछ ।

१०) प्रचलित कानुन बमोजिम हुनेः यस मार्गदर्शनमा उल्लेखित विर्षयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

११) संशोधनः गाउँकार्यपालिकाले आवश्यकता अनुसार यो निर्देशिका  संसोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## अनुसुचीहरु

## अनुसुची १

विद्यालयले भर्ने फारम नमुनाः

क) विद्यालयको नामः

ख) सञ्चालित कक्षा

| क.स. | आधारहरु | अबस्था | कैफियत |
|---|---|---|---|
| १ | बिध्यार्थी सख्या | | |
| २ | औषत उपलब्धी | | |
| ३ | बि.ब्य.स. गठन मिति | | |
| ४ | शि.अ.सघं गठन मिति | | |
| ५ | दलित बिध्यार्थी सख्या | | |
| ६ | सुचना तथा सञ्चार प्रबिधिको प्रयोग | | |
| ७ | बि.ब्य.स. शि.अ.सघं बैठक सख्या | | अन्तिम बर्षको |
| ८ | पल्लेखित मापदण्डमा पेश गर्नुपर्न भनि उल्लेख गरीएका बिषयबस्तु | | |

## अनुसुचि २

## प्र.अ. ले भर्ने फारम

क) कार्यरत  विद्यालयको नाम:

ख) सञ्चालित कक्षा

| क.स. | आवश्यक विषय बस्तु | अबस्था | कैफियत |
|---|---|---|---|
| १ | प्र.अ नियुक्ति मिति | | |
| २ | शैक्षिक योग्यता | | |
| ३ | तालिम | | |
| ४ | विद्यालयको औषत सिकाइ उपलब्धी | | |
| ५ | विद्यालय बिकास प्रस्ताब पेस गरेको मिति | | |
| ६ | नेतृत्व बिकास सम्बन्धी तालिम लिएको मिति | | |
| ७ | मापदण्डमा पेश गर्नु भनि उल्लेख भएका बिषय बस्तु | | |

**अनुसुची ३**

**शिक्षकले भर्ने फारम**

क) कार्यरत  विद्यालयको नाम:

ख) सञ्चालित कक्षा

| क.स. | आवश्यक विर्षयबस्तु | अबस्था | कैफियत |
|---|---|---|---|
| १ | शिक्षक नियुक्ती मिति | | |
| २ | शैक्षिक योग्यता प्रमाणपत्र | | |
| ३ | तालिम | | |
| ४ | आफुले पढायको विषयमा  बिध्यार्थीले प्राप्त गरेको जि.पि.ए | | |
| ५ | मापदण्डमा पेश गर्नु भनि उल्लेख भएका अन्य कागजपत्रहरु | | |
| ६ | | | |
| ७ | | | |

**<u>आज्ञाले</u>**

नाम:सुमन ढकाल

प्रमुख प्रशासकिय अधिकृत